बाँफिकोट गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

बाँफिकोट गाउँपालिका रुकुम पश्चिम

कर्णाली प्रदेश नेपाल

पत्र संख्या : ०८१/०८२ प्रशासन

चलानी नम्बर : ९७५९

मिति: वि.स. २०८२।३।१।

नेपाल सम्बत १९४५ तछलागा ४ आइतबार

विषय :– भुक्तानीकोलागि कागजात पेश गर्ने सम्बन्धमा ।

उपरोक्त विषयमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० को उपनियम १ तथा ७ बमोजिम आर्थिक वर्ष समाप्त हुनुभन्दा ७ दिन अगावै भुक्तानी दिइ निकासा र खर्चको लेखा अद्यावधिक गरी भुक्तानी बन्द गर्नुपर्ने र आ व को समाप्ती हुनुअघि नै संघ र प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रमहरुको हकमा खर्च नभइ बाँकी रहेको रकम फिर्ता गर्नुपर्ने , विभिन्न शिर्षकहरुको कर समयमै दाखिला गर्नुपर्नेने लगायतका कानूनी प्राविधान रहेको साथै आर्थिक वर्षको अन्त्यतिर स्थानीय सन्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) मा अत्याधिक चाप पर्न गई प्राविधिक समस्या आएर समयमा नै भुक्तानी दिन नसकिएको विगतको व्यवहारिक समस्यालाई मध्यनजर गर्दै यस कार्यालयसँग सम्बन्धित सम्पूर्ण योजना तथा निर्माण सँग सम्बन्धित कार्यक्रमहरु (उपभोक्ता तथा ठेकेदारहरुको कार्यादेशमा असार मसान्तको मिति उल्लेख भएतापनि) कार्यसम्पन्न गरी मिति २०८२।३।१० गते भित्र र कार्यालयका चालु प्रकृतिका शशर्त, समानीकरण लगायतका कार्यक्रमहरु सम्पन्न गरी मिति २०८२।३।५ गतेभित्र यस गाउँपालिकाको आर्थिक प्रशासन शाखामा सम्पूर्ण प्रक्रिया पूरा गरी आवश्यक कागजात सहित भुक्तानीको लागि पेश गरी भुक्तानीलिइ सक्नुहुन यसै सूचनामार्फत सम्बद्ध सवैलाइ अनुरोध छ । सो समयमा कागजात पेश गर्न नसकी भुक्तानी हुन नसकेमा सम्बन्धित कार्यक्रम सन्चालन गर्ने ठेकेदार, उपभोकता समिति, कार्यक्रम सन्चालन गर्ने शाखा प्रमुख स्वयं जिम्मेवारी हुनुपर्नेछ ।

.....

कविन्द्र पुन

लेखाशाखा प्रमुख

.....

लेखक खड्का

नि. प्रमुख प्रशासकीय अधिकृत

निमित प्रमुख प्रशासकिय अधिकृत

Email: ito.banphikotmun@gmail.com {phone: 9857888729}